श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### ठेक्का कर निर्धारण गरी असूल उपर गर्न बनेको ऐन

प्रस्तावनाः– प्रचलित नेपाल कानून बमोजिम लाग्ने ठेक्का करको रकम निर्धारण गरी असूल गर्ने कार्य प्रणाली व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "ठेक्का कर ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुने छ र नेपाल अधिराज्य भित्र बसोवास गरी वा नगरी नेपाल अधिराज्य भित्र ठेक्का दिने वा लिने बिदेशी समेतलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "ठेक्का" भन्नाले घटाघट वा बढाबढ गरी वा नगरी मुनाफाको उद्देश्यले नेपाल अधिराज्य भित्र कुनै काम गर्न श्री ५ को सरकार वा अरू कसैसंग लिएको ठेक्कालाई जनाउंछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "कर" भन्नाले प्रचलित नेपाल कानून बमोजिम लाग्ने ठेक्का करलाई सम्झनु पर्छ ।

(ग) "कर अफिसर" भन्नाले यो ऐन बमोजिम कर अफिसरको रूपमा काम गर्नका लागि श्री ५ को सरकारले नियुक्त गरेको वा तोकि दिएको अधिकारीलाई सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. यो ऐन बमोजिम ठेक्का कर निर्धारण गरी असूल उपर गर्नेः– साल वसाली वा कुनै एक सालको निमित्त कुनै ऐनद्वारा ठेक्का कर लगाउने व्यवस्था भएमा त्यस्तो कर यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारण गरी असूल उपर गरिने छ ।

४. ठेक्काको विवरण र सूचना दाखिल गर्नुपर्नेः– (१) यो ऐन र प्रचलित नेपाल कानून बमोजिम कर तिर्नुपर्ने गरी कुनै ठेक्का बन्दोबस्त भएमा सो ठेक्का दिने र लिने व्यक्ति दुबैले सात दिन भित्र देहाय बमोजिमको विवरण तोकिएको ढांचामा भरी सम्बन्धित कर अफिसरका समक्ष दाखिल गर्नु पर्छ र सो ठेक्काका सम्बन्धमा कुनै लिखत गरिएको भए सो लिखतको नक्कल समेत सो विवरणका साथै संलग्न गरी दाखिल गर्नु पर्छ :–

(क) ठेक्का दिने व्यक्तिको पूरा नाम र ठेगाना,

(ख) ठेक्का लिने व्यक्तिको पूरा नाम र ठेगाना,

(ग) ठेक्का लिईएको कामको विवरण र अवधि किटिएको भए अवधि समेत,

(घ) ठेक्का वापत दिन लिन कबुल भएको रूपैयाँ (जिन्सी भए नगदीमा परिणत गरी ) ।

(२) उप–दफा (१) बमोजिमको कुनै ठेक्काको शर्तमा सो ठेक्का समाप्त हुनु भन्दा अगाबै कुनै हेरफेर भएमा सो ठेक्का दिने र लिने व्यक्ति दुबैले त्यस्तो हेरफेर भएको सूचना सात दिन भित्र सम्बन्धित कर अफिसरका समक्ष दाखिल गर्नु पर्छ ।

(३) ठेक्का दिने व्यक्तिले उप–दफा (१) बमोजिमको विवरण वा उप–दफा (२) बमोजिमको सूचना म्याद भित्र दाखिल गर्न नसकी थप म्याद मागेमा कारण मनासिब देखिए सम्बन्धित कर अफिसरले बढीमा सात दिन सम्मको म्याद थप दिन सक्ने छ ।

(४) यस दफा बमोजिम दाखिल गर्नु पर्ने विवरण वा सूचना म्याद भित्र दाखिल नगर्ने व्यक्तिलाई सम्बन्धित कर अफिसरको आदेशले रू. ५००।– पाँच सयसम्म जरिवाना हुन सक्ने छ ।

तर, ठेक्का लिने व्यक्तिले कर छल्ने नियतले त्यस्तो विवरण दाखिल गरेको रहेनछ वा झुट्टा वा अधुरो विवरण दाखिल गरेको छ भने निजलाई सो कर अफिसरको आदेशले रू. ५,०००।– पाँच हजारसम्म जरिवाना हुन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. कर निर्धारणः– (१) दफा ४ बमोजिम विवरण दाखिल भएकोमा सम्बन्धित कर अफिसरले उप–दफा (२) मा लेखिएको अवस्थामा बाहेक सो विवरणको आधारमा कर निर्धारण गर्नेछ ।

(२) दफा ४ बमोजिम विवरण दाखिल नभएमा वा दाखिल भए पनि झुट्टा वा अधुरो देखिएमा त्यस्तो ठेक्काका सम्बन्धमा सम्बन्धित कर अफिसरले देहायको आधारमा यथासंभव न्यायोचित तरीकाबाट कर निर्धारण गर्न सक्ने छ :–

(क) ठेक्का सम्बन्धी सबुद प्रमाण (कुनै छ भने),

(ख) ठेक्का सम्बन्धी कर्मचारीको गोप्य रिपोर्ट,

(ग) त्यस्तै अन्य ठेक्काका सम्बन्धमा अरूले बुझाएको रकम, (त्यस्तो कुनै अर्को ठेक्का बन्दोवस्त भएको छ भने ) र

(घ) कर अफिसरले मनासिब सम्झेको अन्य कुराहरू ।

६. लगत इष्टिमेट गराउन सक्नेः– निर्माण सम्बन्धी कुनै ठेक्कामा ठेक्का दिने व्यक्ति र ठेक्दारको बीचमा भएको कागजातमा कर छल्ने उद्देश्यले ठेक अङ्क कम कायम गरिएको छ भन्ने शङ्का लागेमा कर असिफरले कुनै इञ्जिनीयर वा ओभरशियरद्वारा सो निर्माण सम्बन्धी कामको लगत इष्टिमेट गराउन सक्नेछ ।

७. कर अफिसरलाई अदालतलाई भए सरहको अधिकारः– (१) यो ऐनको प्रयोजनको लागि कर अफिसरले प्रचलित नेपाल कानून बमोजिम अदालत सरह समन वा म्याद जारी गरी कुनै व्यक्तिलाई झिकाई वयान वकपत्र गराउन, वा कुनै लिखत दाखिल गराउन सक्ने छ ।

(२) अन्य प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उप–दफा (१) अन्तर्गत भएको कारवाहीमा जति पटक गरे पनि जम्मा १५ दिनभन्दा बढी दिनको अर्जि गर्न र म्याद गुज्रेको मितिले १५ दिनभन्दा ढिलो गरी थामी माग्न समेत पाउने छैन र एक पटक थामी सकेपछि पुनः म्याद तारीख गुजारेमा सो म्याद तारीख थामिने छैन ।

८. करको भुक्तानीः– (१) कर वापत बुझाउन पर्ने रूपैयाँको भुक्तानी देहायको अवस्थामा देहाय बमोजिम गर्नु पर्छः–

(क) श्री ५ को सरकारबाट दिईएको रकमको ठेक्काको हकमा सो ठेक्का बन्दोवस्त गर्ने अड्डा, अफिस वा अधिकारीले ठेक्दारबाट ठेक्का वापतको रूपैयाँ बुझी लिंदा सो ठेक्कामा लाग्ने कर समेत असूल गरी सर्व संचित कोष दाखिल गर्ने,

(ख) ठेक्दारले ठेक्का दिने व्यक्तिलाई ठेक अङ्क बुझाउनु पर्ने व्यवस्था भएको अन्य ठेक्काको हकमा सो ठेक्का दिने व्यक्तिले आफूले ठेक्दारबाट ठेक्का वापतको रूपैयाँ बुझी लिंदा सो ठेक्कामा लाग्ने कर समेत असूल गरी सर्व

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चित कोष दाखिल हुने गरी बैङ्क भएको ठाउँमा बैङ्कमा र बैङ्क नभएको ठाउँमा माल अड्डामा बुझाउने,

(ग) खण्ड (क) र (ख) मा लेखिए देखि बाहेक अन्य ठेक्काको हकमा ठेक्का दिने व्यक्तिले ठेक्दारलाई ठेक्का वापतको रूपैयाँको भुक्तानी दिंदा सो ठेक्का-मा लाग्ने कर कट्टा गर्ने र सो कट्टा गरेको कर सर्व सञ्चित कोषमा दाखिल हुने गरी बैङ्क भएको ठाउँमा बैङ्कमा र बैङ्क नभएको ठाउँमा माल अड्डामा बुझाउने ।

(२) उप–दफा (१) को खण्ड (क), (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि ठेक्काको रूपैयाँ पटक पटक गरी किस्तामा बुझाउने व्यवस्था भएकोमा सो बमोजिम किस्ताको रकम असूल गर्दा वा बुझाउँदा सो ठेक्का वापत लाग्ने जम्मा करको एकिन गरी दामासाहीबाट सो किस्तामा पर्न आउने करको रकममात्र सो किस्ता साथ असूल उपर गरिने छ ।

(३) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप–दफा बमोजिम ठेक्का दिने व्यक्तिले करको रकम ठेक्दारबाट असूल गरेन वा ठेक्कदारलाई दिने रूपैयाँमा कट्टा गरेन भन्दैमा कर बुझाउने दायित्वबाट ठेक्दारले छुटकारा पाएको मानिने छैन निजले बुझाउन बांकी रहेको करको रकम निजबाट सरकारी बांकी सरह असूल उपर गरिने छ ।

(४) उप–दफा (१) बमोजिम कर असूल वा कट्टा गरी दाखिल गर्नुपर्ने कर्तव्य भएका व्यक्ति वा अधिकारीले जानी जानी सो बमोजिम कर असूल वा कट्टा नगरेमा निजलाई सम्बन्धित कर अफिसरको आदेशले सो करको विगो बमोजिमसम्म जरिवाना हुन सक्नेछ । र ठेक्दारबाट असूल उपर हुन नसकेको करको रकम समेत निजबाट असूल उपर गरिने छ ।

(५) उप–दफा (१) बमोजिम असूल वा कट्टा भएको करको रकम सो उप–दफामा लेखिए बमोजिम जम्मा नगरी आफैले खाने मास्ने व्यक्ति, वा अधिकारीबाट सम्बन्धित कर अफिसरको आदेशले विगो असूल गरी निजलाई विगो बमोजिमसम्म जरिवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय हुन सक्नेछ ।

१४. कागजपत्र गोप्य राख्नेः– यो ऐन बमोजिम कर अड्डामा दाखिल भएका कागजपत्रहरू गोप्य राखिने छ । ती कागजपत्रहरू कर सम्बन्धी कारवाइलाई बाहेक अन्य कामलाई प्रकाश गरिने छैन ।

१५. अन्य रकम दस्तूर नलाग्नेः– प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनको प्रयोजनका लागि नगद दाखिल गर्दा टिकट दस्तूर लाग्ने छैन ।

४२८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।